# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: <u>आरोपपत्र दायर गरिएको ।</u>

जिल्ला ललितपुर महालक्ष्मी नगरपालिकाका लेखा अधिकृत शिवकुमार घिमिरे र लेखापाल कुवेर के.सी.ले सूचना/बिज्ञापन गरेकोमा दिएको भुक्तानी रकम बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले लेखा शाखामा कार्यरत लेखा अधिकृत शिवकुमार घिमिरे र लेखापाल कुवेर के.सी.ले घुस/रिसवत वापतको रकम रु. ३०,०००/- (तीस हजार) लिइसकेको अवस्थामा दुवैजनालाई नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा महालक्ष्मी नगरपालिकाका लेखा अधिकृत शिवकुमार घिमिरे र लेखापाल कुवेर के.सी.ले सेवाग्राहीसँग महालक्ष्मी नगरपालिकाको IT अफिसरको बिज्ञापन प्रकाशन गरेको रकम भुक्तानी दिएबापतको भनी घुस/रिसवत लिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निजहरु शिवकुमार घिमिरे र कुवेर के.सी. लाई बिगो रु. ३०,०००।— (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला